म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १३, | अंक ११२ | शनिबार १६ मंसिर २०८० | ने. सं. ११४४ कछलागा | 2 December 2023 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## २५ परिवारलाई जाडोको न्यानो कपडा

हेटौंडा, १५ मंसिर/एचआईभी संक्रमित परिवारलाई हेटौंडा उपमहानगरपालिकाले न्यानो कपडा बितरण गरेको छ । ३६ औं विश्व एड्स दिवसको सन्दर्भ पारेर उपमहानगरले एचआइभी संक्रमित २५ परिवारलाई न्यानो कपडा (ब्ल्यांकेट) र संक्रमित बिपन्न २२ परिवारलाई खाध्यान्न तथा पोषण सामग्री सहयोग गरेको हो । मकवानपुर महिला समूह र मकवानपुर पोजेटिभ समूहको कार्यालयमा आयोजित कार्यक्रममा हेटौंडा उपमहानगरपालिका नगरप्रमुख मीनाकुमारी लामाले सहयोग सामग्री वितरण गरेकी थिइन् । विगतका बर्षहरुदेखि नै उपमहानगरपालिकाले एचआइभी संक्रमित र प्रभावित बालबालिकालाई नियमित शैक्षिक तथा पोषण सहयोग, संक्रमित परिवारलाई आयआर्जनमा सहयोग, उपचार सहयोग, जनचेतनामूलक कार्यक्रम, एम्बुलेन्स सहयोग, न्यानो कपडालगायत सहयोग कार्यक्रम संचालन गर्दै आइरहेको छ । यसै सवालमा कार्यरत गैरसरकारी संस्थाहरुसँगको समन्वयमा उपमहानगरपालिकाले कार्यविधि बनाई बार्षिक योजना र कार्यक्रम व्यवस्थित गर्दै आइरहेको छ ।

# बागमतीमा ३८ हजार, मकवानपुरमा साढे दुई हजार हेक्टर जमिन बाँझो

निशा गुरुङ

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेशमा अझै पनि हजारौं हेक्टर जमिन खेती नगरी बाँझो राख्ने गरिएको छ । यहाँ खेतीयोग्य जमिनमध्ये ३८ हजार ६३५ हेक्टर जमिन बाँझो रहेको प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ ।

प्रदेशमा कुल ५ लाख १३ हजार ७१८ हेक्टर खेतीयोग्य जमिन छ । जसमध्ये १ लाख ५९ हजार ७८२ हेक्टरमा मात्रै सिँचाई सुविधा छ । यद्यपि ३ लाख ८८ हजार ९८५ हेक्टर जग्गामा खेती भइरहेको प्रदेशको कृषि मन्त्रालयका सूचना अधिकारी अनुप अधिकारीले बताए । बागमती सरकार गठन भएलगत्तै बाँझो जमिन जोतेर खेती गर्ने नीति तथा कार्यक्रम ल्याइए पनि त्यसको कार्यान्वयन भने निकै सुस्त छ । बाँझो जमिनमा खेती गर्नेलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रदेश सरकारको विगतका वर्षदेखि विभिन्न कार्यक्रम सञ्चालनमा छन् । ती कार्यक्रमले बाँझो जमिनको उपयोग भने अपेक्षित रुपमा बढेको छैन । यद्यपि, मन्त्रालयले बाँझो जमिनको उपयोग पछिल्लो समय बढ्दै गएको दाबी गर्दै आएको छ ।

प्रदेशको १३ जिल्लामध्ये सिन्धुपाल्चोकमा सबैभन्दा खेतीयोग्य जमिन रहेको छ । यहाँ ७३ हजार ७१० हेक्टर खेतीयोग्य जमिन छ ।



योमध्ये ४७ हजार ४७५ हेक्टरमा मात्रै हाल खेती भइरहेको छ भने ६ हजार ८९२ हेक्टर जग्गा बाँझो राखिएको छ । यसैगरी ६२ हजार ७१३ हेक्टर खेतीयोग्य जमिन भएको सिन्धुली जिल्लामा जम्मा ४९ हजार ७८९ हेक्टरमा मात्रै खेती गरिएको छ । यहाँको ४ हजार ५८ हेक्टर जमिन बाँझो छ । यसैगरी ६१ हजार ५९८ हेक्टर खेतीयोग्य जमिन रहेको काभ्रेपलाञ्चोकमा ४ हजार ९६ हेक्टर खेतीयोग्य जमिन बाँझै छ । प्रदेशको तेस्रो ठुलो खेतीयोग्य जमिन भएको काभ्रेमा ६१ हजार ७१० हेक्टर जमिन खेती योग्य छ । जहाँ ४४ हजार ७७५ हेक्टर जग्गामा मात्रै खेती भएको छ । यसैगरी नुवाकोटमा ४८ हजार २५३ खेतीयोग्य जमिनमध्ये १ हजार ४ हेक्टर जमिन बाँझो रहेको छ ।

धादिङमा ४८ हजार १३६ हेक्टरमध्ये ४ हजार २९ हेक्टर, चितवनमा ४८ हजार ५३७ हेक्टर मध्ये ५७६ हेक्टर, दोलखामा ४४ हजार ५१३ हेक्टरमध्ये २ हजार ९२७ हेक्टर, मकवानपुरमा ३५ हजार ७७९ हेक्टरमध्ये २ हजार ५०५ हेक्टर जग्गा बाँझो रहेको मन्त्रालयको तथ्याङ्ले देखाएको छ । यसैगरी रामेछापमा २८ हजार ४३४ हेक्टरमध्ये १ हजार ९५६ हेक्टर, काठमाडौंमा २१ हजार २०० हेक्टर मध्ये ३ हजार ३३ हेक्टर बाँझो छ ।

यसैगरी रसुवामा १६ हजार ८११ हेक्टर खेतीयोग्य जमिनमध्ये १ हजार ६३२ हेक्टर, ललितपुरमा १५ हजार २९६ हेक्टर मध्ये ४ हजार ३८२ हेक्टर र भक्तपुरमा कुल १२ हजार ७३८ हेक्टर खेतीयोग्य जमिनमध्ये १ हजार ५५४ हेक्टर जग्गा बाँझो रहेको छ । केही बाध्यता र केही लहैलहैको कारण ग्रामीण भेगका खेतीयोग्य जमिन बाँझो हुने क्रम बढेको छ भने सहरी क्षेत्रका जमिन बसाइसराइकै कारण आवासले भरिने क्रम बढेको छ । खेतीयोग्य जमिन प्लटिङ गरेर घडेरीमा विक्री भएपछि आवास नबनेका जमिन पनि टुक्राटुक्रा भएर बाँझो नै रहेको छ ।

नेपालको समग्र कृषि उत्पादनमा बागमती प्रदेशको योगदान १७ दशमलव १२ प्रतिशत रहेको छ । प्रदेश सरकारको पहिलो आवधिक योजना आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ ले प्रदेशको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको आधार वर्षको योगदान १३ प्रतिशतबाट १० दशमलव ३ मा सीमित गर्ने लक्ष्य लिएको छ । बागमती प्रदेशको कुल जनसंख्याको ५५ प्रतिशत अर्थात करिब ३३ लाख ६५ हजार जना कृषि पेशामा आवद्ध छन् ।

बागतमीमा कृषिको आम्दानीले वर्षैभरि खान नपुग्ने किसानको प्रतिशत ५५ दशमलव ९ रहेको सरकारको तथ्यांकले देखाएको छ । कृषिप्रधान मुलुकमा कृषिपेशाबाट घरबार चलाउन नसक्ने अवस्थाबाट किसान गुज्रिनु बिडम्बनाको विषय बनेको हो । बागमती प्रदेशमा कतिपय किसानहरु कृषिपेशामै आत्मनिर्भर छन् । तर, आत्मनिर्भर हुनेहरु पनि वर्षैभरि खान नपुग्ने अवस्था रहेको कृषि गणना-२०७८ को तथ्यांक्ले देखाएको हो । बागमती प्रदेशमा ५५ दशमलव ९ प्रतिशतलाई कृषिको आम्दानीले खान नपुग्ने देखिएको हो । बागमतीमा ७२ दशमलव ६ प्रतिशत परिवारको आम्दानीको मुख्य स्रोत कृषि रहेको छ ।

# बालमैत्री उपमहानगर घोषणाको तयारी तीव्र



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ चालु आर्थिक वर्षमा हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणाको तयारीलाई तीव्र पारिएको छ । वडातहमा सहजकर्ता खटाएर बालमैत्री वडासँगै सिंगो पालिकालाई व्यवस्थित ढंगबाट बालमैत्री उपमहानगर घोषणा तयारीलाई तीव्रता दिइएको हो ।

उपमहानगरले नियुक्त गरेको वडा सहजकर्तामार्फत भएको कामको अनुगमन र नियमनको पाटोलाई अघि बढाउँदै अहिले वडातहको अनुगमन थालिएको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ ।

नगरउपप्रमुख राजेश बानियाँको नेतृत्वमा वडामा भएका काम, निर्माण भएको बालसञ्जालसँगको छलफल, विद्यालयको अनुगमन गर्ने काम भैरहेको उपमहानगरको महिला तथा बालबालिका महाशाखा प्रमुख बिष्णुकुमरी लामिछानेले बताइन् । उनका अनुसार तयारी अनुसार उपमहानगरको आयोजनामा बालमैत्री स्थानीय शासनका सूचक मापनयोग्य सरलीकरण कार्यशाला गरिएको छ ।

कार्यशालामा नगरप्रमुख मीनाकुमारी लामाले विकासको पहिलो सूचक मानवचेतना भएको बताइकी थिइन् । उनले भौतिक विकास भन्दा पनि मानव विकासमा ध्यान दिँदै अघि बढ्न जरुरी रहेको भन्दै उपमहानगरले थालेको बालमैत्री अभियानलाई सार्थकता दिन सबैको सहयोग आवश्यक रहेको बताइन् । चालु आर्थिक वर्षको मंसिरमा बालमैत्री पालिका घोषणा गर्ने लक्ष्य सहित काम भैरहेपनि पूर्णरुपमा तयारी नभएकाले अहिले वडाहतबाट घोषणाको क्रमलाई अघि बढाउने नगरप्रमुख लामाले बताइन् ।

कार्यशालामा नगर उपप्रमुख राजेश बानियाँ, बिभिन्न वडाका अध्यक्षहरु, नगरका बिभिन्न विद्यालयका प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारी, वडा कार्यालयका सचिवहरु र उपमहानगरका बिभिन्न महाशाखा प्रमुखहरुको सहभागिता थियो । बालमैत्री पालिका घोषणाको तयारी अनुसार ७, ८ र ९ नम्बर वडाको अनुगमन थालिएको छ । अनुगमनमा वडाका जनप्रतिनिधि, महिला तथा बालबालिका महाशाखा प्रमुख लामिछाने, सम्पर्क व्यक्ति शान्ति बिश्वकर्मा, बालमैत्री स्थानीय शासनका श्रोतव्यक्ति बिष्णुप्रसाद चौवे सहित नगर र वडाका सहजकर्ता सहभागी छन् ।

वडातहबाट कार्यक्रम कार्यान्वयनका लागि सूचकको अवस्था मापन तथा बालबालिकाका लागि आवधिक लगानी योजना निर्माणबारे छलफल गर्दै बालमैत्री स्थानीय शासनलाई कार्यान्वयनको चरणमा लैजान लागिएको बताइएको छ । अनुगमनसँगै छलफलको काम हेटौंडा-८ बाट सुरु गरिएको उपमहानगरपालिका महिला तथा बालबालिका महाशाखाले जनाएको छ । मकवानपुरको मनहरी गाउँपालिका नेपालको पहिलो बालमैत्री गाउँपालिका बनेको थियो ।

# चेपाङ महिलालाई कुचो बनाउने तालिम



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ राक्सिराङ गाउँपालिकाले १२ जना महिलालाई परम्परागत अम्रीसोबाट कुचो बनाउने एकदिने तालिम दिएको छ । गैरसरकारी संस्था बिघ्नहर्ता नेपालले गाउँपालिकाका विभिन्न वडाका महिलालाई कुचो बनाउने प्रशिक्षकको रुपमा तयार गर्ने उद्धेश्यले तालिम दिइएको हो ।

तालिममा चेपाङ समुदायका ज्ञद्द जना महिला सहभागी थिए । उनीहरुलाई प्रशिक्षक बेदप्रसाद भट्टराईले गाउँघरमै उत्पादन हुने अम्रीसोबाट कुचो बनाउने प्रशिक्षण दिए । गाउँघरमा महिलाले परम्परादेखि नै जानेको कुचो बनाउने कामलाई ब्यावसायिक सीपको रुपमा विकास गरी आत्मनिर्भर बनाउने उद्देश्यले तालिम दिइएको बिघ्नहर्ता नेपालका कार्यकारी उपाध्यक्ष रजिया बानुले बताइन् ।

गाउँपालिका अध्यक्ष राजकुमार मल्लले स्थानीय उत्पादनलाई ब्यवसायिक रुपमा विस्तार गर्न तालिम फलदायी हुने बताए । विपन्न चेपाङ समुदायको जीवनस्तर र आयस्तर सुधार गर्न सीपमूलक कार्यक्रममा जोड दिइएको उनको भनाई छ । बिघन्हर्ता नेपालले केही वर्षयता राक्सिराङ गाउँपालिकाका विभिन्न वडामा अम्रीसो खेतीको प्रबर्द्धन गरिरहेको छ । अम्रीसो भीरालो पाखा, खोरीयाजस्ता बाँझो जमिनमा पनि सहजै उत्पादन गर्न सकिने भएकाले राक्सिराङमा यसको खेती गरी ब्यावसायिक लाभ लिन सकिने संस्थाका कार्यकारी उपाध्यक्ष बानु बताउँछिन् ।

अम्रीसोको कुचो तयार गरी बाँकी बसेको ढाँठबाट नेपाली कागज उत्पादन गर्न सकिन्छ । कागजबाट विभिन्न झोला, माला, श्रृङ्गार तथा गिफ्ट सामानहरु तयार गर्न सकिने बानुको भनाई छ । आफूहरुले परीक्षणको रुपमा विभिन्न सामग्री तयार गरी प्रबर्द्धन थालेको उनले बताइन् ।

अम्रीसोबाट कागज उत्पादनका लागि राक्सिराङ गाउँपालिकामा कारखाना राख्ने योजना समेत छ । यसका लागि गाउँपालिकाले सहमति जनाइसकेको र आवश्यक जग्गा खोज्ने काम भइरहेको संस्थाका कार्यक्रम संयोजक लोक प्रजाले बताए ।


# मकवानपुरमा दुईजना मान्छे मारेको बाघ तीन रात साँघुरो खोरमा

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मकवानपुरको मनहरी गाउँपालिका क्षेत्रमा दुईजना मान्छे मारेपछि चितवन राष्ट्रिय निकुञ्जको टोलीले नियन्त्रणमा लिएको बाघको तीन रात साँघुरो खोरमा अटेसमटेस भएर बिते ।

निकुञ्जको प्राविधिक टोलीले सोमबार राति पौने नौ बजेतिर मकवानपुर मनहरी गाउँपालिका-६ मा पर्ने निकुञ्जको मध्यवर्ती क्षेत्र अन्तर्गतको जोगीताल इलाकाबाट मान्छे खाएको बाघलाई नियन्त्रणमा लिएको थियो । त्यो बाघ नियन्त्रणमा लिएका बेला राखेको साँधुरो खोरमै बिहीबार साँझसम्म बस्यो । नियन्त्रणमा लिएका बाघ राख्न बनाएका फराकिला खोरहरु अहिले प्राय:भरिएका छन् ।

'तीन दिनसम्म प्रयास गरेर बल्लतल्ल व्यवस्थापन गर्न सकेका छौं,' चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी रहेका संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले भने । सोमबार समाएपछि यो बाघलाई सानो खोरबाट नझिकी निकुञ्जको मुख्यालय कसरामा नै राखिएको थियो । बिहीबार साँझ बाघलाई सौराहा लगेर ठूलो खोरमा राखेको तिवारीले बताए । सौराहामा दुईवटा बाघ अटाउने खोर पनि खाली थिएन । कसरामा चार वटा बाघ अटाउने खोर त थिए तर, ति पनि पुरै भरिएका थिए ।



'सौराहामा रहेको अलि बलियो बाघलाई बर्दिया खोरमा राख्न पठाएर कमजोर अवस्थामा नियन्त्रणमा लिएको यो बाघलाई सौराहाको खोरमा राखिएको हो,' तिवारीले भने । बर्दियामा पनि बाघले खोर भरिएका छन् । तर, जेनतेन व्यवस्थापन गरेर एउटा बाघ अटाउने बनाएको तिवारीले बताए ।

नियन्त्रणमा लिएका बाघ राख्न चितवनसहित बर्दिया, पर्सा र बाँके निकुञ्जमा खोरहरु रहेका छन् । तर, सबै तिरका खोर भरिभराउ रहेका छन् । मान्छे खान पल्केको बाघलाई नियन्त्रणमा नलिए थप दुर्घटना गराउने जोखिम हुन्छ ।

सोमबार साँझ नियन्त्रणमा लिएको बाघले जोगिताल इलाकामा घाँस काट्न गएका चितवन राप्ती नगरपालिका-१ पिप्ले दुबिचौरका ४३ वर्षीय हरि पौडेललाई आक्रमण गरेर ज्यान लिएको थियो । यो घटनापछि बाघलाई नियन्त्रणमा लिन गएको टोलीले सोही ठाउँमा बाघले आक्रमण गरेर मारेको अर्को शव पनि फेला पारेको थियो । मान्छेलाई आक्रमण गर्ने बाघहरु नियन्त्रणमा लिनुपर्ने बाध्यता नै हुन्छ । त्यस्ता बाघ कहाँ राख्ने ? भन्ने समस्या पनि उत्पन्न भएको छ । बाघ बढेसँगै मान्छेमाथि आक्रमण गर्ने घटना पनि बढेका छन् ।

# गण्डकीका गुरुङलाई बागमती प्रदेशप्रमुखको कार्यभार

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेशप्रमुखको कार्यभार गण्डकी प्रदेशप्रमुख पृथ्वीमान गुरुङले पाएका छन् ।

बागमती प्रदेशप्रमुख यादवचन्द्र शर्मा चीन भ्रमणमा जाने भएपछि राष्ट्रपति रामचन्द्र पौडेलले बागमती प्रदेश प्रमुखको कार्यभार गण्डकी प्रदेशप्रमुख पृथ्वीमान गुरुङलाई तोकेका हुन् ।

बागमती प्रदेशप्रमुख शर्मा मंसिर १६ गतेदेखि मंसिर २१ गतेसम्म चीन भ्रमणमा जाने कार्यक्रम तय भएको छ । बागमती प्रदेश प्रमुखको अनुपस्थितिमा प्रदेशप्रमुखले गर्ने दैनिक प्रशासनिक कार्य सम्हाल्ने जिम्मेवारी गण्डकी प्रदेशप्रमुख गुरुङलाई दिइएको राष्ट्रपति कार्यालयले विज्ञप्ति जारी गर्दै जानकारी दिएको छ ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# किन गुगलले अघि सार्‍यो निष्क्रिय जिमेल खाता मेटाउने नीति ?




डिसेम्बर १ तारिखदेखि गुगलले आफ्ना निष्क्रिय जिमेल खाताहरू मेटाउने तयारी गरेको छ । विगत दुई वर्षदेखि प्रयोगमा नआएको खाताहरू मेटाउने गुगलले तयारी गरेको हो ।

गुगलले उक्त खाता मेटाएसँगै त्यसमा जोडिएका इमेल, ड्राइभ फाइल्स, फोटो तथा कन्ट्याक्टस लगायत सबै डेटा मेटिन छ । विशेष गरेर साइबर आक्रमणको बढ्दो जोखिमका कारण देखिने गरेकाले निष्क्रिय खाताहरू मेटाउने निर्णय गुगलले गरेको हो । निष्क्रिय खाताका बारेमा एक नीति सार्वजनिक गर्दै गुगलले प्रयोगकर्ताहरूलाई स्क्याम, फिसिङ, फ्रड तथा खाताहरूलाई ह्याकिङ जस्ता घटनाहरूबाट जोगाउन यो प्रयास गरिएको बताइएको छ ।

सक्रिय खाताहरूको तुलनामा निष्क्रिय खाताहरूमा टु-फ्याक्टर अथेन्टिकेसन इनेबल्ड हुने सम्भावना दस गुणा कम हुने र सुरक्षा उपायहरूको अभावले पुराना खाताहरूलाई ह्याक गर्ने प्रयासहरूको लागि बढी संवेदनशील बनाउने देखिएकाले पनि उक्त खाताहरू मेटाउने गुगलले जनाएको छ ।

यसबाहेक, निष्क्रिय जिमेल खातामा लिङ्क गरिएका अन्य एक्सटर्नल सर्भिसेस पनि जोखिममा हुने गुगलले जनाइएको छ। गुगलले सन् २०२३ को डिसेम्बरदेखि बिस्तारै खाताहरू हटाउन सुरु गर्ने जनाएको छ । जसले गर्दा प्रयोगकर्ताहरूलाई आफ्ना महत्त्वपूर्ण खाताहरू सक्रिय बनाउने अवसर पनि प्रदान हुने छ । यद्यपि गुगलले कुनै पनि यूट्युवसँग कनेक्ट गरेर भिडियो सार्वजनिक गरेका खाताहरूलाई भने नमेटाइने जनाएको छ ।

यदि कोही कसैको गुगल खाता (जिमेल अकाउन्ट) महत्वपूर्ण छ र त्यसलाई बचाइ राख्न चाहनेहरूले भने प्रयोगकर्ताहरूले कम्तीमा दुई वर्षमा उक्त जिमेल खाता एक पटक साइन इन गर्ने वा अन्य थर्डपार्टी खाताहरूसँग कनेक्ट गरेपनि खातालाई जीवित राख्न सकिने गुगलले जनाएको छ ।

**साहित्य**

*कविता*

# अँध्यारोमा मेरो आकृति

श्रीशीशा राई

तिम्रो आँखाको ऐनामा
मेरो अनुहार हेर्नकै लागि
म तिमीतिर दौडिरहेको छु
तिम्रो आँखाको ऐनामा

मेरो अनुहार हेर्नकै लागि
म दौडिरहेको त छु तर
सरासर तिमीसम्म आएर
सामुन्ने उभिएर म
तिम्रो आँखामा हेर्न सक्दिन
किनभने बर्तमान अंध्यारो छ

यहाँ हेर्नलाई
आँखाहरु नै दौंखिंदैनन्
अब मैले आफ्नो अनुहार हेर्न
तिम्रो आँखाभित्रै घुस्ने अठोट गरेको छु
यसका लागि म
तिम्रो मलद्धारवाट छिरेर
शरिरका आन्तरिक अवयवहरु हुँदै

तिम्रो आँखासम्म पुग्ने कोशिस गरिरहेछु
तिम्रो शरिर भित्र
झन् अन्धकार छ
तिमी भित्रको हिंड्ने वाटो
जवरजस्त दुर्गम छ

म तिम्रो रगत र पिसावमा
लतपितदै घस्रिरहेछु

तिमीभित्र खर्लप्पै कोशी बगेपछि
म विस्थापित भएको छु
दनदनी बलिरहेका चिमहरु
अब स्वीच अन गर्दासमेत बल्न छाडेका छन्
र आत्महत्या गरेको जिन्दगी झैं झुण्डिएका छन्

तिमीभित्रको कुनै परिवेश पनि
संघर्षले खालि छैन
तिम्रो पेटभित्र आफ्नो आयतन खोज्नेहरुले
यात्रामा चक्काजाम गरेपिछ
म तिम्रो कलेजोनेर रोकिएको छु
तैपनि मैले सपाट आकृतिकै लागि

हंड्नुको जोखिम उठाएको छु
बल्ल बल्ल छिचोलेर चक्काजामहरुलाई
म तिम्रो घांटी हुँदै संघीयताको उकालो चढ्दैछु
घाँटीको साँगुरो भूगोल तिम्रो आफ्नै आवाज

र मेरो शरिरको अस्पष्ट आकार
यो भीडमा म अल्मलिएको छु
निस्सासिएको छु
यो साहै नै प्रिय जटिलता हो
यसपछि जब म
तिम्रो आँखातर्फ लम्कनेछु

त्यतैतिर मेरो देश र आकृति
नयाँ हुनेछ
तिम्रो आँखाको ऐनामा
आफ्नो अनुहार हेर्नकै लागि
म तिमीतिर दौडिरहेको हुँ

# ऊ त्यो मान्छे

दीपक ज्योति पौडेल

कपाल सेतै फूलेको
पिंठ्युमा पटुकी बाँधेको
ऊ त्यो मान्छे
अहिले ठिङ्ग उभिएको छ ।

कम्मरमा तरवार भिरेको
पूर्खा गौरवको गीत गाईरहेको
ऊ त्यो मान्छे
सत्यत, नम्रता र धार्मिकताको अभावमा
सुन्न नसक्ने बहिरो भएको छ ।

जाती जाती बिच शत्रुता बढेको
शत्रुद्वारा वस्त्र खोसेको
आफ्नै भूमी टुक्रा टुक्रा पार्न खोज्दा पनि
धन्यवादमा वली चढाउने देखि
ऊ त्यो मान्छे
बोल्न नसक्ने लाटो भएको छ ।

धम्की र झुटका हतियार भिरि
शहर भित्र विधंश मच्चाईरहेका
अधर्म र उपद्रव देखि
ऊ त्यो मान्छे
व्याकुल भएको छ ।

आफ्नै घुँडा चिप्लिदा पनि
अरु माँथी तरवार उठाउन खोज्ने
न्यायदण्डको खोल फ्याँकी
देशको स्तुति गाँऊने देखि
ऊ त्यो मान्छे
हामी संग सोध्दैछ ।

**जीवनशैली**

# कसरी लाग्छ मानिसलाई रोग ?



संसारमा विभिन्न चिकित्सा पद्धतिको विकास भएको छ । फरक-फरक चिकित्सा विज्ञानले स्वास्थ्य र रोगलाई फरक-फरक तरिकाबाटै परिभाषित गरेको पाइन्छ । खासगरी एलोप्याथिक र योग विज्ञानले परिभाषित गरेको स्वास्थ्य र रोगबारे यहाँ उल्लेख गरिन्छ ।

**के हो स्वास्थ्य ?**

महर्षि चरकको भनाइअनुसार जसको त्रिदोष अर्थात् बात, पित, कफ र समयमा नै दिशा हुने क्रियाकलाप सन्तुलित अवस्थामा छ र आत्मा, इन्द्रिय र मन सधैँ प्रशन्न रहन्छ भने त्यही मानिस पूर्णरूपमा स्वस्थ हो ।

होमियोप्याथीअनुसार शरीर, मन र जीवनीशक्ति अर्थात् आत्माको सन्तुलन नै स्वास्थ्य हो । यसैको असन्तुलन नै रोगको कारण हो । जसरी आयुर्वेदमा रोगको कारण बात, पित्त र कफ हो, यसरी नै होमियोप्याथीमा कुनै पनि रोगको कारण सोरा, सिफिलिस, साइकोसिस र ट्युबरक्लोसिस गरी चार कारण छन् । मानव शरीरमा हुने धेरैजसो मानसिक एवम् शारीरिक रोगको मुख्य कारण नै यही हो ।

मन दूषित भएन भने तन पनि दूषित हुँदैन । मनको भित्री अवस्था नै रोगको रूपमा प्रकट हुन्छ । अर्थात् भित्र जस्तो छ, बाहिर पनि त्यस्तै देखिन्छ ।

**रोग के हो ?**

मानिसको मनमा अनेक प्रकारका चाहना र वासना हुन्छन् । त्यसको पूर्ति भएन भने मन क्षुब्ध हुन्छ । मन क्षुब्ध हुनाले प्राण क्षुब्ध हुनुका साथै प्राणको नाडीतन्त्र प्रभावित हुनाले स्नायुमण्डल अव्यवस्थित हुन जान्छ । र, शरीरमा कुजिर्ण तत्व, अजिर्ण तत्व जम्मा हुन्छन् । फलस्वरूप कालान्तरमा गएर शरीरमा विभिन्न प्रकारका स्वास्थ्य समस्या उत्पन्न हुने गर्छ । यसैलाई नै रोग भनिन्छ ।

**रोगका मुख्य दुई कारण**

१. दैनिक व्यवहार गर्ने क्रममा मानिसमा उत्पन्न हुने तनावको प्रतिफल नै सामान्यतया रोग हो । जसको समाधानको साधनलाई उसले प्राकृतिक चिकित्सा अर्थात् योग बताएको छ ।

२. अर्कोचाहिँ आकस्मिकरूपमा या कारणबिनै हुने रोग हो । जस्तो कि चोटपटक लाग्नु, घरको छतबाट लड्नु, संक्रमण हुनु आदि कारणले उत्पन्न हुने गर्छ ।

**कुन चिकित्सा विधि कस्तो ?**

मनको भावना तथा विचारको शुद्धीका लागि योग चिकित्सा विज्ञान निकै उपयोगी हुन्छ । शरीरको स्तरमा आयुर्वेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा, युनानी, तिब्बतीय एवम् अन्य चिकित्सा पद्धतिहरू उपयोगी हुन सक्छन् ।


रोगको उत्पत्ति र त्यसको निदानको विषयमा योग, आयुर्वेद एवम् होमियोप्याथी, प्राकृतिक, युनानी चिकित्सा पद्धतिबीच सैद्धान्तिक एकरूपताजस्तो देखिन्छ । तर, त्यस्तो समानता आधुनिक चिकित्सा एलोप्याथीमा भने देखिँदैन ।

स्वास्थ्यबारे पूर्व र पश्चिममा निकै भिन्नता छ । एलोप्याथिकबाट कुनै रोगीको उपचार गर्दा रोगको निदानपश्चात् मुटु, श्वासप्रश्वास, पेट, नशा, मानसिक, छाला आदि श्रेणीमा वर्गीकरण गरी छुट्याइन्छ । त्यसपछि शरीरको प्रभावित भागको मात्र उपचार गरिन्छ ।

किनकि, आधुनिक चिकित्सा विज्ञानमा आधार भनेकै क्लिनिकल परीक्षण र रोगलाई नियन्त्रण गर्नु हो । तर, होमियोप्याथीलगायतका उपचारमा रोगीको लक्षण र मानसिक अवस्थाको पनि ज्ञान लिएर उपचार गरिन्छ ।

**स्वास्थ्य**

# बदाम सेवनका चकित पारिदिने फाइदै फाइदा



बदाम खानु स्वास्थ्यका लागि निकै फाइदाजनक छ । आउनुहोस्, बदामका चकित पारिदिने फाइदाबारे जानकारी लिऔं :

**तौल कम गर्छ:**

बदामले तौल कम गर्न निकै मद्दत गर्छ । बदाम खाएको लामो समयसम्म भोक लागेको महसुस हुँदैन । त्यसकारण तपाईंको आहारमा कमी आउँछ र तौल कम गर्न निकै सहज हुन्छ ।

**एन्टिअक्सिडेन्ट र मिनरल्सले भरपुर:**

बदाममा एन्टिअक्सिडेन्ट र मिलरल्स पर्याप्त मात्रामा हुने भएकाले स्ट्रोक र मुटुसम्बन्धी समस्याको खतरालाई कम गर्छ । बदाममा पाइने ट्रिप्टोफेनले डिप्रेशनको समस्यालाई पनि टाढा राख्न मद्दत गर्छ ।

**फाइटोस्टेरोलको मात्रा अत्यधिक:**

बदाममा बिटा-सिटोस्टेरोल भनिने फाइटोस्टेरोलको मात्रा अत्यधिक हुने भएकाले यसले फाइटोस्टेरोल क्यान्सर लाग्नबाट जोगाउँछ । अमेरिकामा भएको एक अनुसन्धानअनुसार हप्तामा कम्तीमा दुईपटक बदामको सेवन गर्ने महिलामा पेटको क्यान्सरको खतरा ५८ प्रतिशत कम र पुरुषमा २७ प्रतिशत कम भएको पाइयो ।

**मेग्निजका साथै मिनरल्स पनि पाइन्छ:**

बदाममा मेग्निजका साथै मिनरल्स पनि पाइन्छ । यो मिनरल्सले फ्याट, कार्बोहाइड्रेट, मेटाबोलिजम, क्याल्सियम एब्जोर्प्सन र ब्लड सुगरलाई नियन्त्रण गर्ने गर्छ । विभिन्न शोधको रिपोर्टअनुसार बदामको सेवनले मधुमेहको खतरा २१ प्रतिशत कम हुने गर्छ । यदि तपाईंलाई मधुमेह छ भने तपाईंले आफ्नो डाक्टरको सल्लाह लिएर बदाम खान सक्नुहुन्छ ।

**मोनोसेचुरेटेड र पोलिअनसेचुरेटेड फ्याट पाइन्छ:**

बदाममा मोनोसेचुरेटेड र पोलिअनसेचुरेटेड फ्याट भरपुर मात्रामा पाइन्छ । विशेषगरी बदाममा पाइने फोलिक एसिडले रगतमा ब्याड कोलेस्ट्रोललाई कम गर्दै गुड कोलेस्ट्रोलको स्तर बढाउने गर्छ । यसले शरीरमा कोलेस्ट्रोलका स्तरलाई पनि ब्यालेन्स गर्नुका साथै कोरोनरी आर्टरी डिजिजबाट शरीरलाई सुरक्षित राख्ने गर्छ ।

**फोलिक एसिडको स्रोत:**

बदाममा अत्यधिक मात्रामा फोलिक एसिड पाइन्छ, जसले महिलाको प्रजनन क्षमतालाई वृद्धि गर्छ । यसबाहेक शिशुको स्वास्थ्यलाई पनि सकारात्मक असर पुग्ने गर्छ । यदि तपाईं गर्भावस्थाको सुरुवाती दिनमा हुनुहुन्छ भने बदाम खान सुरु गरिहाल्नुहोस् । यसले शिशुको स्वास्थ्य राम्रो बनाउन सहयोग गर्छ ।

**अन्य फाइदाहरु:**

विभिन्न अनुसन्धानमा यदि महिलाले गर्भावस्था अघि र गर्भावस्थामा कम्तीमा चार सय ग्राम बदामको सेवन गर्छिन् भने उनको बच्चा जन्मँदा कुनै प्रकारको कमी नहुने पुष्टि भइसकेको छ । यसबाहेक बदामको सेवनले शिशुमा दम हुने खतरा पनि कम हुन्छ ।

बदाम स्वास्थ्यका साथै छालाका लागि पनि निकै फाइदाजनक हुन्छ । बदाममा हुने मोनोसेचुरेटेड एसिडले छालालाई हाइड्रेट गर्नुका साथै चम्किलो पनि बनाउँछ ।

बदाममा भिटामिन सी भरपुर मात्रामा पाइन्छ, जसले रुघा, खोकीजस्ता समस्याबाट सुरक्षा प्रदान गर्छ ।

# बालबच्चासँग समय बिताउने कि ?



जो आमा-बुबा कामकाजी छन् र आफ्नो धेरै समय काममा नै व्यस्त हुन्छन्, त्यस्ता आमा-बुबाले आफ्ना बच्चासँग पर्याप्त समय बिताउन पाउँदैनन् भन्ने कुरा एकदम सही हो ।

बिहान ट्राफिकको सामना गर्दै अफिस पुग्नुपर्ने बाध्यता र साँझ थाकेर घर आउनु पर्ने । त्यस्तो व्यस्तताबीच पनि आफ्नो बच्चासँग धेरै समय बिताउने चाहना हरेक आमा-बुबाको हुन्छ । तर जब हामी थाकेर घर पुग्छौं, प्राय: बच्चाहरुको सुत्ने समय भैसक्छ । अभिभावकत्वका साथै आफ्नो अफिसको जिम्मेवारी निर्वाह गर्न अति नै कठिन हुन्छ । हरेक अभिभावकले यसलाई व्यवस्थापन गर्ने पूर्ण कोशिश गरेका हुन्छन् । हाम्रो जीवनमा उपलब्ध स्क्रिनको बढ्दो प्रयोगका कारणहरुले आफ्नो परिवारलाई समय दिनु झन् कठिन हुँदै गएको छ । फोन, ट्याबलेट, टेलिभिजन, कम्प्यूटर, ल्यापटप र विभिन्न प्रकारका स्क्रिन हाम्रो जीवनको महत्वपूर्ण अंग बनिसकेका छन् ।

णअहिले त्यस्तो समय आएको छ, जहाँ बच्चाहरुसँग रमाउनु भन्दा उनीहरुको तस्वीर लिन हामी व्यस्त हुन्छौं । यस्तो कुराले बच्चाहरु खुशी हुँदैनन् । बच्चाहरु खुशी नभएपछि आमा-बुबा पनि खुशी हुन सक्दैनन् । यदि तपाईं आफ्ना बच्चालाई खुशी बनाउन चाहनु हुन्छ भने पहिला आफ्नो स्क्रिन टाइमलाई कम गर्नुपर्छ, जसका कारण तपाईं आफ्नो बच्चाहरुसँग क्वालिटी टाइम बिताउन सक्नुहोस् । त्यसैले आज हामीले तपाईंलाई व्यस्तताका बीचमा पनि कसरी आफ्ना बच्चाहरुसँग धेरै समय बिताउने भन्ने बारेमा केही जानकारी लिएर आएका छौं ।

***बिहान ५ देखि ७ बजेसम्म***

प्राय: परिवार विहान उठनासाथ पत्रिका पढ्न थाल्छन् । परिवारका साथ समय बिताउँछन् । यदि तपाईंको परिवारमा पनि यस्तो चलन छ भने यो अति नै राम्रो कुरा हो । बच्चालाई विहान उठाउनु, अंगालोमा बाँध्नु र बिहानै आफूसँग समय बिताउनु धेरै राम्रो कुरा हो । यस्तो हुँदा उनीहरु सँग-सँगै तपाईंको दिनको पनि राम्रो सुरुवात हुन्छ ।

यस प्रकार तपाईंले फेसबुकमा अन्य साथी-भाइहरुको पोस्टहरु हेरेर विहानको समय बिताउनु भन्दा आफ्नो परिवारसँग बिताएका हरेक मिनेटहरुका कारण विहान रमाइलो भएर बित्छ । सामाजिक सञ्जालको माध्यमबाट संसार भरी के भइरहेको छ भन्ने कुरा थाहा पाउनु भन्दा आफ्नो बच्चाको जिन्दगीमा के भैरहेको छ भन्ने कुरा थाहा पाउन सक्नुहुन्छ ।

***साँझ ५.३० देखि ७ बजेसम्म***

यो समयमा सकेसम्म फोनको प्रयोग गर्नु हुँदैन । यो समयमा आफ्नो बच्चासँग खेल्नु होस्, उनीहरुलाई नयाँ कुराका लागि मोटीभेट गर्नुहोस् । यो समयमा आफ्नो बच्चाको विकास कस्तो हुँदैछ, उ कति ठुलो हुँदैछ भन्ने कुरालाई नियाल्नु पर्छ । दिनभरीको समय बाहिरी काममा व्यस्त हुने महिलाहरुलाई साँझमा समय निकाल्न कति कठिन हुन्छ भन्ने कुरा सबैलाई थाहा नै छ । तर पनि आृनो बच्चासँग बिताएको केवल १५ मिनेटले पनि तपाईं र बच्चाको सम्बन्धलाई बलियो बनाउन सक्छ ।

***साँझ ७.३० देखि राति ९ बजेसम्म***

संभव भएसम्म सबै परिवारसँगै खाना खानुपर्छ । आमा-बुबा मध्ये कोहि एक बच्चाले खाना खाँदासँगै हुन्छन् । यो समयमा हामी आफ्ना बच्चासँग दिन भरी उसले गरेको गतिविधिहरुका बारेमा जानकारी लिने गर्छौं ।

जस्तै बच्चाले आज के के गर्‍यो, के खायो, स्कुलमा के भयो, स्कुलमा नयाँ के हुँदैछ, उसको नयाँ साथी को हो, साथीसँग के खेल्यो जस्ता कुराको बारेमा कुराकानी गर्छौं । खाना खाएपछि र सुत्नु अगाडि सधैं बच्चालाई कथा सुनाउनुपर्छ । यसरी बच्चासँग बिताएका समयले साधारण परिर्वतन हुनसक्छ । तर, यसरी तपाईंले आफ्नो बच्चासँग क्वालिटी समय बिताउन सक्नुहुन्छ । जुन तपाईं र तपाईंको बच्चाहरुको सम्बन्ध बलियो हुन्छ ।

**यौनस्वास्थ्य**

# सन्तुष्ट यौन जीवनका केही उपायहरू



धेरै जिम्मेवारी, परिवर्तित समय, कामको चाप तथा बढ्दो तनावका कारण समय क्रमसँगै विवाहित जोडीहरुमा एक अर्काप्रतिको आकर्षण विस्तारै घट्दै जान्छ । यसको सिधा असर उनीहरुको यौन जीवनमा पर्छ । जसका कारण उनीहरुका प्रेमालापका पलसमेत दिक्कलाग्दा बन्दछन् र सहवाससमेत आनन्ददायी बन्न छाड्छ ।

आफ्नो पार्टनरलाई सहवासमा सन्तुष्टि दिलाउन असफलता भएको छ भने आफूमा भएको यौनिक दुर्वलतालाई घटाउनेतर्फ सोच्नुपर्छ । यसका लागि आफ्नो खानपानमा विशेष ध्यान दिनु राम्रो हुन्छ । सन्तुलित तथा पर्याप्त क्यालोरीयुक्त भोजन गर्नाले शरीरको हर्मोनको स्तर, मस्तिष्कको रासायनिक संरचना, ऊर्जा, कामोत्तेजना तथा यौनेच्छा बढाउँछ ।

सँगै सुतेपछि गोडा लाग्छ भने झैं, घरमा सानो-तिनो ठास्स-ठुस्स तथा झगडा हुन्छ नै । त्यसैले त्यसलाई सामान्यरुपमा लिनुपर्छ र सम्बन्ध सुधार्नेतर्फ लाग्नुपर्छ । सेक्सलाई यस्तो बिग्रिएको सम्बन्ध सुधार्ने वा बन्द भएको बोलचाललाई सुरु गर्ने अस्त्रको रुपमा प्रयोग नगर्नु । यस्तो रिसरागमा हुने यौन सम्बन्धले सन्तुष्टि मिल्दैन । यस्तो संसर्गले सम्बन्ध सुधार्ने पनि होइन ।

सेक्समा जरुरी चिज भनेको सन्तोष हो, न कि केवल शारीरिक मिलन । पतिको यौन क्षमताको कमी तथा शिघ्र पतनजस्ता कारणले गर्दा पत्नीले यौन सन्तुष्टि पाउन सकेको छैन भने यस्तोमा श्रीमानसँग झगडा गर्ने वा सराप्ने कामले यौनजीवन झनै बिग्रन्छ । त्यस्तो समस्या भएमा आपसमा छलफल गर्ने, विभिन्न खाले उपचारका पद्धति अपनाउने, सम्भोगका आसन वा यौन सन्तुष्टिका अन्य मैथुनिक उपायको अवलम्बनसमेत गर्न सकिन्छ ।

नियमित सम्भोग सुखी यौन जीवनका लागि महत्वपूर्ण हुन्छ । यद्यपि सम्भोगको मात्रालाई उमेर, कामको अवस्थालगायतले प्रभावित गर्छ । दैनिक सम्भोग गर्ने महिला वा पुरुष खास उमेरभन्दा पाँच-सात वर्ष तन्नेरी देखिन्छन् । सहवासका बेला शरीरमा निस्कने हर्मोनले व्यक्तिलाई तन्नेरी देखाउने विज्ञहरु बताउँछन् ।

आफ्नै पतिसँगको सम्भोगका दौरानसमेत बढि लजाउने तथा खुल्न नसक्ने बानीका कारण धेरै महिलाले चरम आनन्द पाउनबाट बञ्चित हुन्छन् । उनीहरुको त्यस्तो संकोचले पुरुष पार्टनरलाई समेत निराश पार्छ । आफ्नो यौन जीवनलाई 'हट एण्ड ह्यापनिङ' बनाउने चाहना छ भने महिला मित्रको लागि सुझाव छ कि, संकोचलाई त्याग्नु राम्रो ।

सुखी यौन जीवनको अर्को मन्त्र हो, नयाँ प्रयोग । नयाँ र रचनात्मक प्रयोगका निम्ति सधैं खुला दिलको हुनु राम्रो हुन्छ । सँगै बस्दा र दिन बिताउँदा एकोहोरो जीवन हुन्छ । धेरै खाए चिनी पनि गुलियो हुन्छ । त्यसैले, दैनिक क्रियाकलाप र यौन क्रिडामा पनि नवीनता खोज्नुपर्छ । नयाँ ठाउँ घुम्ने र यौन क्रिडामा नयाँ आसन प्रयोग गर्दा नयाँपन आउँछ ।

यी उपायहरू झट्ट पढ्दा सामान्य लागे पनि प्रभावकारी छन् । यस्ता उपायहरूको सही कार्यान्वयनले यौन जीवन सुखमय बन्न सक्छ ।

# नक्कली शरणार्थी प्रकरणका 'हाई प्रोफाइलहरु' थुनामै

काठमाडौं/नक्कली शरणार्थी प्रकरणमा मुछिएर आधा जसोलाई धरौटी वा सामान्य तारिखमा छाडेको उच्च अदालत, पाटनले उच्च तहका आरोपितहरुलाई भने पुर्पक्षका लागि थुनामा नै राख्ने आदेश सुनाएको छ । पूर्वगृहमन्त्री बालकृष्ण खाँणको हकमा दुई न्यायाधीशवीच राय बाझिएको छ ।

उच्च अदालतले नक्कली शरणार्थी प्रकरणमा मुछिएका राजनीतिज्ञ, पदमा बसेकाहरु र प्रत्यक्ष जोडिएकाहरुलाई थुनामा पठाउने जिल्ला अदालतकै आदेश सदर गरेको हो ।


टोपबहादुर रायमाझी, पूर्वमन्त्री


बालकृष्ण खाँण, पूर्वमन्त्री


इन्द्रजित राई, सल्लाहकार

अदालतमा हाजिर भएका २० मध्ये आधाजसो आरोपितलाई भने धरौटीमा छाड्न वा थुनामुक्त गर्न आदेश दिएको छ । नक्कली शरणार्थी प्रकरणमा आरोपित बनाइएका ३० मध्ये १० जना अदालतमा उपस्थित नभई अझै सम्पर्कबाहिर छन् ।

नेपाली नागरिकलाई भुटानी शरणार्थी बनाएर अमेरिका लैजाने नाममा करोडौं ठगी गरेको आरोपमा जिल्ला अदालत, काठमाडौंले १ असारमा पूर्वमन्त्रीसहित १६ जनालाई पुर्पक्षका लागि थुनामा पठाएको थियो ।

आदेशविरुद्ध उनीहरु पालैपालो उच्च अदालत गए । त्यही मुद्दामा सुनुवाइ गरेका न्यायाधीशहरु जनक पाण्डे र प्रकाश खरेलको संयुक्त इजलासले नक्कली शरणार्थी प्रकरणमा प्रत्यक्ष रुपमा मुछिएका पूर्वमन्त्री टोपबहादुर रायमाझी, तत्कालीन गृह सचिव टेकनारायण पाण्डे, गृहमन्त्री रामबहादुर थापाका तत्कालीन सल्लाहकार डा. इन्द्रजीत राईलाई थुनामा पठाउन आदेश सदर गरेको छ ।

पीडितहरुसँग रकम उठाउने काममा प्रत्यक्ष संलग्न भई योजनाकारको भूमिकामा रहेका सानु भण्डारी, केशव दुलाल, सन्देश शर्मा, आङटावा शेर्पा, गोविन्द चौधरी, सागर राईलाई थुनामै राख्नुपने रायमा दुवै न्यायाधीश एकमत देखिएका छन् । उनीहरुलाई थुनामा पठाउने भनी जिल्लाकै आदेश मिलेकै देखिएको उच्च अदालतको ठहर छ ।

उच्च अदालतले ६ जनालाई धरौटीमा छाड्ने आदेश गरेको छ । शरणार्थी नेता टेकनाथ रिजालसँग १५ लाख रुपैयाँ धरौटी मागेको छ । रिजालले आरोपितहरुबाट रकम लिएको पुष्टि नभएको, ७६ वर्षका जेष्ठ नागरिक देखिएको, उनी शरणार्थी भएर नेपाल बसोबास गरेको अनि अरु देशमा भागेर जाने सम्भावना नभएको इजलासको ठहर छ ।

पूर्वमन्त्री रायमाझीका छोरा सन्दिपसँग पनि उच्च अदालतले ३० लाख रुपैयाँ धरौटी मागेको छ । उनले पीडितहरुबाट रकम लिएको नदेखिएको, अदालतमा बयान गर्दा पनि आरोप इन्कार गरेको, अनि अनुसन्धानका क्रममा संकलित प्रमाणबाट उनको संलग्नता नदेखिएको भन्दै उच्च अदालतले उनलाई धरौटीमा छाड्ने आदेश गरेको हो ।

अर्का आरोपित रामशरण केसी १५ लाख रुपैयाँ धरौटी बुझाएमा रिहा हुने भएका छन् । रामशरण केसी उल्टै पीडित भएको व्यहोरा देखिएको, उनले नै अख्तियारमा समेत आरोपितविरुद्ध समेत उजुरी गरेको भन्दै उच्च अदालतले उनको स्वास्थ्य अवस्था समेत विचार गर्नुपर्ने भन्दै १५ लाख धरौटी माग गरेको हो ।

हज कमिटीका अध्यक्ष शम्सेर मियाँलाई १० लाख रुपैया धरौटी माग्ने आदेश भएको छ । उनले पाएको सरकारी सुविधाको गाडी ठगीको रकम ओसारपसारमा प्रयोग भएको थियो । ठगी गर्ने र रकम लिने काममा उनको संलग्नता नदेखिएको भन्दै उच्च अदालतले मिँयालाई थुनामा नराखी धरौटीमा रिहा गर्ने आदेश दिएको हो ।

पूर्वगृहमन्त्री बालकृष्ण खाँडका स्वकीय सचिव नरेन्द्र केसीलाई १० लाख रुपैया धरौटीमा थुनामुक्त गर्नु भन्ने आदेश भएको छ । पीडितहरुले नरेन्द्र केसीको नाम नपोलेको, बयानमा पनि आरोप स्वीकार नगरेको भन्दै उच्च अदालतले केशव दुलाल र टेकनारायण पाण्डेबीचको म्यासेज आदानप्रदानमा नाम उल्लेख भएका कारण उनलाई थुनामा राख्न नपर्ने ठहर गरेको हो ।

इजलासले हरिभक्त महर्जनसँग १५ लाख मागेको छ । महर्जनले सहकारीका लागि सन्देश शर्मासँग रकम माग गरेको र त्यत्तिका आधारमा उनलाई ठगीमा संलग्न भएको भन्न नमिल्ने भन्दै उच्च अदालतले धरौटीमा छाड्ने आदेश गरेको हो ।

जिल्ला अदालतको आदेशमा १० लाख धरौटी बुझाएर रिहा भएका टंककुमार गुरुङलाई साधारण तारिखमै रिहा गर्न आदेश भएको छ । उनले सञ्चालन गरेको होटल अनि रेष्टुरेन्टमा आरोपितहरु आएको र मिटिङ गरेको भन्दै त्यत्तिको आधारमा थुनामा राख्न नहुने भन्दै साधारण तारिखमा रिहा गरेको हो ।

आरोपित केशव तुलाधरलाई पनि उच्च अदालतले थुनामा राख्नुपर्ने देखेन । आरोपितमध्येका एक हरिभक्त महर्जनले केशवको खातामा रकम राखिदिएको तर पीडितहरुले उनको नाम नपोलेको भन्दै उच्च अदालतले उनलाई साधारण तारिखमा रिहा गर्न आदेश दिएको हो ।

आशिष बुढाथोकीसँग पीडितहरुको भेटघाट नभएको र उनले कसैसँग रकम मागेको नदेखिएको भन्दै उच्च अदालतले खातामा आएको रकम ट्रान्सफर गरेका कारण थुनामा राख्न नपर्ने भन्दै साधारण तारिखमा रिहा गर्न आदेश दिएको हो ।

लक्ष्मी महर्जन साधारण तारिखमा रिहा भएका छन् । श्रीमान हरिभक्त महर्जनले उनको खाता चलाएको र त्यसक्रममा रकम ट्रान्सफर गरेको भनी बयान दिएका थिए । त्यो लगायतको आधार हेर्दै उच्च अदालतले लक्ष्मी महर्जनलाई ५ लाख रुपैयाँ धरौटी माग्ने भनी जिल्ला अदालतले गरेको आदेश बदर गरी साधारण तारिखमा रिहा गर्न आदेश दिएको हो ।

पूर्वगृहमन्त्री खाँणको हकमा दुई न्यायाधीशविच राय बाझिएको छ । एकजना न्यायाधीशले उनलाई थुन्नैपर्नेसम्मको आधार नदेखिएको भनी राय लेखेका थिए भने अर्कोले आधार र प्रमाश हेर्दा धरौटीमा छाड्न नहुने राय लेखेका थिए । त्यो विवाद अब तेस्रो न्यायाधीशसमक्ष पेश हुनेछ ।

उच्च अदालत पाटनका प्रवक्ता तीर्थराज भट्टराईले आदेश चित्त नबुझ्ने पक्ष सर्वोच्च अदालतमा जाने बाटो खुला रहेको बताए । उनले भने, 'यहाँबाट जिल्ला अदालतमा पत्राचार भएपछि रिहा भएकाहरुको आदेश कार्यान्वयन हुनेछ ।'

*(स्रोत: अनलाइनखबर)*

# सिनेमाघर एपमा रिलिज भयो खगेन्द्रको 'पानीफोटो'




काठमाडौं/नेपालकै नम्बर वान ओटीटी प्लेटफर्म सिनेमाघर एपप्रति दर्शकको आकर्षण बढ्न थालेसँगै हरेक महिना नेपाली फिल्म रिलिज हुन थालेका छन् । भदौमा 'महापुरुष' र असोजमा 'जारी' रिलिज गरिएपछि शुक्रबारबाट फिल्म 'पानीफोटो' रिलिज भएको छ । २ सय रुपैयाँ शुल्क तोकिएको फिल्म सिनेमाघर एपमा विश्वभरबाट हेर्न सकिन्छ । यो फिल्मले हल रिलिजमा राम्रो समीक्षा पाएको थियो ।

फिल्ममा खगेन्द्र लामिछानेको निर्देशक तथा लेखन रहेको छ । उनी सिनेमाघर एपका सञ्चालक पनि हुन् । फिल्ममा उनले विशेष भूमिकामा अभिनय गरेका छन् भने अनुप बराल, मेनुका प्रधान, मलिका महत, प्रकाश घिमिरे, माओत्से गुरुङ, बुद्धि तामाङ, राधा श्रेष्ठ, कमलमणि नेपाल, अशान्त शर्मा, अजस्र ढुङ्गाना, कमल देवकोटा, पुष्पा यादव, सुलक्षण भारती लगायतको पनि अभिनय छ ।

टुकी आर्ट्स र मञ्जुश्री फिल्म्सको निर्माण रहेको फिल्मको निर्मातामा रोजिना सिटौला र रवीन्द्र बज्राचार्य छन् । यो फिल्ममा दीपक बज्राचार्यको छायांकन, निमेष श्रेष्ठको सम्पादन, घनश्याम श्रेष्ठको आर्ट डिरेक्सन, पुष्पा संगमको पार्श्व संगीत तथा अर्जुन कार्कीको स्थलगत सम्पादन छ । द्वन्द्वकालको समयमा बेपत्ता भएको छोराको पखाईमा रहेका एक दाम्पतीको कथामा फिल्म आधारित छ ।

यसअघि सिनेमाघर एपमा 'जय भोले', 'कबड्डी ४', 'रातो टीका निधारमा', 'प्रेमगञ्ज', 'दोख', 'रोमियो एण्ड मुना', 'हिजो आजका कुरा', 'चपली हाइट ३' लगायतका फिल्म रिलिज भैसकेका छन् । यो एप सबै प्रकारका स्मार्ट डिभाइसमा उपलब्ध छन् । नेपालका प्राय: डिजिटल वालेट र विदेशबाट गुगल पे, पेपल, डेबिट-क्रेडिट कार्डसँगै गुगल प्लेबाट पनि भुक्तानी गरेर एपमा फिल्म हेर्न सकिन्छ ।

# 'गाउँ नै रमाइलो'मा दिनेश र दयाहाङबीच टिमअप





काठमाडौं/कुनै बेला नेपाली फिल्ममा अभिनेता राजेश हमालको जुन खालको व्यस्तता थियो, त्यो यतिबेला दयाहाङ राईमा सरेको छ । यसैले त उनलाई 'दोस्रो राजेश हमाल' भन्न थालिएको छ । एउटै सेड्युलमा ३/४ वटा फिल्म छायांकन हुने हो भने पनि अहिले उनलाई भ्याइनभ्याइ हुनेछ । अबको एक वर्षका लागि उनको सेड्युल 'प्याक' छ । तर, पनि हप्तैपिच्छे नयाँ फिल्म साइन गरिरहेका छन् ।

यही बुधबार उनले दीपेन्द्र लामाको निर्देशनमा बन्ने फिल्म 'दु:खी आत्मा'मा काम गर्न लागेको खबर बाहिरिएको छ । यसबीच, उनी एक नयाँ फिल्ममा पनि अनुबन्ध भएका छन् । राष्ट्रिय अवार्ड विजेता दिनेश राउतको आगामी फिल्म 'गाउँ नै रमाइलो'मा उनले अभिनय गर्न लागेका हुन् । यही मंसिर १३ गते चलचित्र विकास बोर्डमा दर्ता भएको फिल्ममा दयाहाङसँगै प्रेसा कार्कीको नाम छ ।

'नाङ्गो गाउँ'का निर्माता हिमाल कडरियाले फिल्म निर्माण गर्नेछन् । निर्देशक राउत यतिबेला फिल्म 'पूजार सार्की'को तयारीमा छन् । यसपछि उनले रोहित अधिकारीको निर्माणमा बन्न लागेको फिल्म 'छब्बीस करोड'को निर्देशन गर्नेछन् । यो फिल्ममा दीपकराज गिरी समुहको सहकार्य हुने सम्भावना छ । यसपछि मात्र निर्देशक राउत 'गाउँ नै रमाइलो'को तयारीमा जुट्ने जानकारी प्राप्त छ ।

उनी 'प्रकाश'पछि गायक स्वप सुमन र गायिका दिक्षिता कार्कीलाई लिएर एक लभस्टोरी फिल्म बनाउने तयारीमा थिए । तर, केही कारणले उक्त फिल्म रोकिएको छ । उनले अभिनेताद्वय आर्यन सिग्देल र प्रदीप खड्कालाई लिएर एक बायोपिक फिल्मको पनि निर्माण गर्दैछन् । अभिनेता पल शाहको एक फिल्म पनि उनले नै गर्नुपर्नेछ । यसरी हेर्दा निर्देशक राउतलाई भ्याइनभ्याइ देखिन्छ ।

# १ खर्ब ४३ अर्बमा किनेको एनसेलको सेयर साढे ६ अर्बमा बेचेर बाहिरियो आजियाटा

काठमाडौं/मलेसियाको टेलिकम जायन्ट आजियाटाले नेपालको एनसेलमा रहेको आफ्नो ८० प्रतिशत सेयर बेलायतको स्पेक्ट्रलाइट यूके लिमिटेडलाई बिक्री गर्ने भएको छ ।

आजिआटाले आफ्नो सेयर ५ करोड अमेरिकी डलर अर्थात् ६ अर्ब ६६ करोडमा स्पेक्ट्रलाइट यूके लिमिटेडलाई बेचेको उल्लेख गरेको छ ।

तर, सन् २०२९ सम्म एनसेलले पाउने लाभांश भने आजिआटाले नै पाउने सेयर खरिद सम्झौतामा उल्लेख भएको आजिआटाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

स्पेक्ट्रलाइट यूके लिमिटेड बेलायतमा दर्ता भएको कम्पनी हो । यसको सञ्चालकमा सतिशलाल आचार्य छन् । आचार्य एनसेलमा २० प्रतिशत हिस्सा भएको सुनिभेरा क्यापिटल भेन्चर्सका सञ्चालक पनि हुन् । अब एनसेलमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आचार्य समूहकै शतप्रतिशत शेयर स्वामित्य कायम हुने भएको छ ।

आजिआटाले आफ्नो शतप्रतिशत सेयर रहेको रेनोल्डस् होल्डिङ लमिटेड बेलायती कम्पनीलाई बिक्री गरेको विज्ञप्तिमा उल्लेख छ । आजियाटाले सात वर्षअघि स्विडेनको टेलियासोनेरासँग रेनोल्ड होल्डिङ खरिद गरेको थियो । एनसेलमा रेनोल्डको शतप्रतिशत सेयर छ ।

आजिआटा सन् २०१६ मा नेपालमा भित्रिएको थियो । त्यसबेला १ अर्ब ३६ करोड अमेरिकी डलर अर्थात् त्यसबेलाको विनियमदर अनुसार १ खर्ब ४३ अर्ब रुपैयाँमा एनसेलको सेयर उसले किनेको थियो ।

तर, त्यसको साढे सात वर्षपछि कम्पनी त्यसको तुलनामा अत्यन्तै काम मूल्यमा सेयर बिक्री गरी नेपालबाट बाहिरिने निर्णय गरेको छ ।

एनसेलले गत आर्थिक वर्षमा मात्रै ३९ अर्ब ८१ करोड आम्दानी गरेको थियो भने ५ अर्ब १६ करोड रुपैयाँ खुद नाफा आर्जन गरेको थियो । सन् २०२३ को तेस्रो त्रैमाससम्ममा एनसेलले २८ अर्ब २७ करोड आम्दानी गरिसकेको छ ।

यति ठूलो कारोबार र नाफा रहेको कम्पनीको ८० प्रतिशत शेयर साढे ६ अर्ब रुपैयाँमा विक्री हुनु अस्वाभाविक रहेको एक चार्टर्ड एकाउन्टेन्टले बताए । '२०२९ सम्मको लाभांश आजियाटाले पाउने भनिएको छ तर कम्पनीको नियन्त्रण कसको रहने भनिएको छैन । यस हिसाबले यो कारोबार त्यति स्वाभाविक देखिँदैन,' उनले भने ।

एनसेलको लाइसेन्स सन् २०२९ सम्म छ । विद्यमान कानूनअनुसार त्यसपछि त्यो लाइसेन्स सरकारको नाममा आउनेछ । त्यसो हुँदा लाइसेन्सको अवधिभरको डिभिडेन्ड आजियाटाले लिने, त्यसबीचमा आकस्मिक लाभ केही भयो भने त्यो पनि आजिआटाकै हुने गरी स्पेक्ट्रलाइट युकेसँग सम्झौता भएको कम्पनीको विज्ञप्तिमा उल्लेख छ ।

सन् २०२९ सम्मको व्यवसाय तथा दायित्वको जिम्मवारी एनसेलले लिने र विद्यमान र भविष्यमा पनि एनसेललाई सरकारले कुनै कर दाबी गऱ्यो भने त्यो खरिदकर्ता अर्थात् स्पेक्ट्रलाइट युकेले बेहोर्ने गरी सम्झौता भएको पनि उसले उल्लेख गरेको छ ।

एनसेललाई राज्यले दोहोरो कर लगाएका कारण सिर्जित वातारवण एवम् सन् २०२९ मा कम्पनीको मोबाइल लाइसेन्सको अवधि सकिँदै गएको अवस्थामा त्यो जोखिमलाई पनि ध्यान दिएर नेपालबाट बाहिरिने निर्णय गरेको उसले उल्लेख गरेको छ ।

सरकारले पटकपटक निर्धारण गरेको कर रकम सम्पूर्ण भुक्तानी गर्दा दोहोरो कर परेको र आफूले खरिद गरेको मूल्यको ६२ दशमलव ७ प्रतिशत कर तिर्नुपर्ने अवस्था सृजना भएको आजियाटाले दाबी गरेको छ ।

सन् २०२९ पछि एनसेलमा रहेको आफ्नो स्वामित्व नेपाल सरकारमा जाने जोखिम रहेको तथा नेपालमा विदेशी लगानीको संरक्षणको वातावरण नरहेकाले समेत कम्पनीले नेपाल छोड्ने निर्णय गरेको उसले जनाएको छ ।

दुई कम्पनीबीच भएको सेयर खरिद सम्झौतामा आजिआटाले 'स्थिर प्रतिफल' र 'सशर्त प्रतिफल' को व्यवस्था गरिएको छ । आजियाटाले एनसेलको ८० प्रतिशत सेयर बेचेबापत ५ करोड अमेरिकी डलर स्थिर प्रतिफलका रुपमा पाउनेछन् । त्यसमध्ये ५० लाख अमेरिकी डलर आजियाटाले ६ महिनाभित्र खरिद कर्ताबाट प्राप्त गर्ने र बाँकी रकम चार वर्षभित्र खरिदकर्ताले तिर्ने सम्झौता भएको छ ।

त्यस्तै, सशर्त प्रतिफलका रुपमा सन् २०२९ सम्म एनसेलले व्यवसायको प्रदर्शनका आधारमा वितरण गर्ने खुद लाभांश र तथा कुनै अप्रत्यासित लाभ रहेको पनि सम्झौतामा उल्लेख छ ।

एनसेलले नेपालको आर्थिक सामाजिक विकासमा ठूलो योगदान गरेको कम्पनीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । एनसेलले गत आर्थिक वर्षसम्म कुल २ अर्ब ८३ अर्ब रुपैयाँ कर तिरेको दाबी पनि विज्ञप्तिमा गरिएको छ ।

एनसेलले प्रत्यक्ष र अप्रत्यक्ष गरी २५ हजार रोजगारी सृजना गरेको र १ करोड ७० लाख ग्राहकलाई सेवा दिएको पनि जनाएको छ ।

**एउटा कारोबारमा ६३ प्रतिशत कर तिर्नुपर्ने अवस्था बन्यो: आजिआटा**

आजियाटाले सन् २०१६ मा १ अर्ब ३६ करोड ५० लाख अमेरिकी डलरमा एनसेलको ८० प्रतिशत सेयर किनेको थियो । सेयर किन्ने बित्तिकै यो कर विवादमा फस्यो । हालसम्म एनसेलले पुँजीगत लाभकरबापत ४७ अर्ब रुपैयाँ तिरि सकेको दाबी गरेको छ । नेपालको कानूनबमोजिम थप कर तिर्न बाँकी नरहेको उसको दाबी छ ।

तर, ठूला करदाता कार्यालयले उसलाई थप ५७ अर्ब ९० करोड रुपैयाँ कर निर्धारण गरेको छ । यसको विरुद्धमा एनसेलले सर्वोच्चमा रिट दायर गरेको छ तर फैसला हुन बाँकी नै छ । विक्रीकर्ताले तिर्नुपर्ने कर पनि एनसेललाई नै थोपरिएको भन्दै कम्पनीले गुनासो गरेको छ ।

विश्वबैंक अन्तर्गतको इक्सिडले मध्यस्थतामार्फत दोहोरो कर नलगाउन आदेश दिए पनि ठूला करदाता कार्यालयले पछिल्लो कर निर्धारणलाई फिर्ता नलिएको उसको भनाइ छ । 'सन् २०२१ को कर निर्धारणबापतको रकम पनि तिर्नुपऱ्यो भने १ अर्ब ३६ करोड डलरको खरिदविक्रीमा कुल ८५ करोड ५५ लाख कर तिर्नुपर्छ, जुन कारोबार रकमको ६२ दशमलव ७ प्रतिशत हो,' आजियाटाद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

यो लेनदेनले आजियाटालाई जिम्मेवार ढंगले नेपालबाट बाहिरिन अनुमति दिएको शहरिल रिड्जा रिड्जुआनले बताए । 'नेपालबाट हाम्रो बाहिरिने प्रक्रिया पूरा हुनुले हामीलाई आफ्ना रणनीतिक प्राथमिकताहरूमा ध्यान केन्द्रित गर्न र मूल्य सृजनाको यात्रा जारी राख्न सक्षम बनाउँछ', उनले भनेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म 'टेण्डर' निर्देशन गर्दै गायक सत्यराज




काठमाडौं/सत्यराज आचार्यको परिचय गायकको रुपमा मात्र सीमित छैन । उनी गीतकार हुन्, संगीतकार हुन् र फिल्मको हिरो पनि । उनले मुख्य भूमिकामा 'आचार्य', 'साढे ७' र 'हैरान' गरी तीनटा फिल्ममा अभिनय गरिसकेका छन् । 'साढे ७'को त उनी निर्माता पनि हुन् । तर, गायनमा जति सफलता उनलाई अभिनय र निर्माणमा मिल्न सकेको छैन । अब उनी फिल्मको निर्देशक बन्ने तयारीमा छन् ।

सत्यराजले निर्देशन गर्न लागेको फिल्मको नाम 'टेण्डर' हो । उनले कात्तिक दोस्रो साता चलचित्र विकास बोर्डबाट फिल्म निर्माणको इजाजत लिएका थिए । कलाकारमा पनि उनकै नाम चढाइएको छ । सत्य स्वरुप इन्टर टेन्मेन्टको ब्यानरमा बन्न लागेको फिल्मलाई सत्यराजले भाई स्वरुपराज आचार्य (गायक)सँग मिलेर निर्माण गर्दैछन् । फिल्मको निर्माण लागत १ करोड अनुमान गरिएको छ ।

सत्यराजले भने प्रतिलिपी अधिकार (कपीराइट ) सुरक्षितका लागि निर्देशकमा आफ्नो नाम राखेर फिल्म दर्ता गरेको बताएका छन् । उनले फिल्मीखबरसँगको कुराकानीमा भने, 'मैले नै फिल्म निर्देशन गर्ने निश्चित चाहिँ भैसकेको छैन । अहिले म छलफलमै छु । तर, सोच चाहिँ निर्देशन गर्ने नै छ । केही दिनमा यस विषयमा टंगो लाग्छ ।' उनले फिल्मबारे अरु जानकारी भने गराउन चाहेनन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

PrinterShop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

हेटौंडा उपमहानगरपालिका
१० नं वडा कार्यालयको सूचना

बालश्रम बालविकासमा असर पार्ने शोषणजन्य कार्य हो । बालश्रमले बालबालिकाको वृद्धि र विकासमा गम्भीर असर पार्ने गर्दछ । यसको अन्तका लागि सरोकारहरुले गम्भीर भएर सोच्नु जरुरी छ ।

फूर्वा दोर्जे तामाङ्ग
(वडा अध्यक्ष) तथा
१० नं. वडा कार्यालय परिवार

# बोर्डले लियो १४ नम्बर वडामा खानेपानी व्यवस्थापनको जिम्मा

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ हेटौंडा उपमहानगरपालिका-१४ मा बितरण हुँदै आएको खानेपानीको व्यवस्थापन हेटौंडा खानेपानी व्यवस्थापन अब बोर्डले गर्ने भएको छ ।

शुक्रबार उत्तरपानीमा टसीलिङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिबाट संचालित २ सय ८८ वटा धारा, डिप बोरिङ्ग तथा पानी टंकी सहितको खानेपानी योजना बोर्डमा हस्तान्तरण भएसँगै वडाको खानेपानीको व्यवस्थापन बोर्डले गर्ने भएको हो ।




खानेपानी उपभोक्ता समिति बोर्डमा हस्तान्तरण भएसँगै २०८० मंसिर महिनादेखि लागु हुनेगरी संचालनमा रहेका २ सय ८८ वटा धाराका उपभोक्ताले हेटौंडा उपमहानगरपालिकाले उपलब्ध गराएको मासिक १० हजार लिटर बराबरको खानेपानी नि:शुल्क उपभोग गर्न पाउने भएका छन् ।

यसअघि १४ नम्बर वडामा रहेका मयूधाप खानेपानी तथा सरसफाई उपभोक्ता समिति, चुरियामाई संयुक्त खानेपानी तथा सरसफाई उपभोक्ता समिति र बनेलधाप कालापानी खानेपानी तथा सरसफाई उपभोक्ता समिति बोर्डमा हस्तान्तरण भईसकेका छन् । बोर्डले पानी महशुल संकलनको लागि वडा न. १४ स्थित बनेलधापमा प्रत्येक महिनाको २२ गतेदेखि मसान्तसम्म महशुल संकलन काउन्टर संचालन गर्दै आइरहेको छ ।

खानेपानी उपभोक्ता समिति हस्तान्तरण कार्यक्रममा समिति अन्तर्गत विगत लामो समयदेखि कार्यरत कर्मचारीहरु रामसिंह थिङ र जयबहादुर थिङलाई उमेरहदको कारण अवकाश भएकोले कार्यक्रमका प्रमुख अतिथि एव उपमहानगरपालिकाका नगरप्रमुख मीनाकुमारी लामा, बिशिष्ट अतिथि उपप्रमुख राजेश बानियाँ, वडाध्यक्ष दीपक खड्काले दोसल्ला ओढाई, प्रमाणपत्र र नगदसहित सम्मान तथा बिदाई गरेका थिए ।

कार्यक्रममा नगरप्रमुख लामाले उपमहानगरपालिकामा खानेपानीलाई व्यवस्थित गर्न र नगरवासीलाई सुविधा उपलब्ध गराउन उपमहानगरपालिकाले १० हजार लिटर पानीको महशुल निशुल्क गरेको वताइन् । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका उपमेयर बानियाँले निर्वाचनका वेलामा नगरवासीसमक्ष गरेका प्रतिवद्धता एकपछि अर्को गर्दै पुरा गरिरहेको वताए । वडाअध्यक्ष खड्काले खानेपानीको जिम्मा हेटौंडा खानेपानी व्यवस्थापन बोर्डलाई दिएपछि वडामा पानीको समस्या नभएको वताए ।

टसीलिङ खानेपानी तथा सरसफाई उपभोक्ता समितिका अध्यक्ष जगतबहादुर सिन्तानको अध्यक्षतामा भएको कार्यक्रममा बोर्डका अध्यक्ष प्रताप बिष्ट, बोर्ड सदस्य इन्द्रप्रसाद नेपाल, बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटा, भविष्य मध्यवती वन उपभोक्ता समितिका अध्यक्ष तीर्थ मोक्तान, १४ नं. वडाका वडासदस्यलगायत विभिन्न टोल विकास संस्थाका प्रतिनिको आतिथ्यता रहेको थियो ।

हेटौंडा खानेपानी व्यवस्थापन वोर्डमा खानेपानी उपभोक्ता समिति हस्तान्तरण हुनेक्रम वढ्दो रहेको छ । हाल बोर्ड अन्तर्गत वडा नं. १४ मा १ हजार ६९८ वटा धारा संचालनमा रहेको छ । बोर्डको सेवा क्षेत्रभित्र २६ हजार ५ सय धारा रहेको र बोर्डले प्रतिदिन २ करोड ५५ लाख लिटर खानेपानी उत्पादन गरी वितरण गर्दै आइरहेको खानेपानी व्यवस्थापन बोर्डका अध्यक्ष बिष्टले बताए ।

# मनकामना दुग्ध उत्पादक सहकारीको साधारणसभा

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मकवानपुरगढी गाउँपालिका-३ मक्रान्चुलीस्थित मनकामना दुग्ध उत्पादक सहकारी संस्थाको शुक्रबार ३६ औं वार्षिक साधारणसभा भएको छ ।

संस्थाका अध्यक्ष अर्जुनप्रसाद दाहालको सभाध्यक्षता तथा गाउँपालिकाका अध्यक्ष दोर्जे लामास्याङ्तानको प्रमुख आतिथ्यतामा सभा भएको थियो । सभालाई सम्बोधन गर्दै अध्यक्ष स्याङतानले दूधलाई विविधिकरण गरी मिल्क होलिडे हटाउन सकिने बताएका छन् ।

मिल्क होलिडेको अन्त्य गर्न स्थानीय सरकारको साथ सहयोग रहने बताए । उनले पछिल्लो समय दुध बिक्रीमा समस्या आएको भन्दै छिमेकी राष्ट्रसँगको खुला सीमाना, उत्पादन बढ्दो तर, खपतमा कमीको कारण पनि मिल्क होलिडे भएको बताए ।

अध्यक्ष स्याङ्तानले स्थानीयस्तरमा उत्पादित वस्तुलाई गाउँपालिकाले प्रोत्साहन गर्ने बताउँदै गढीको २ वडामा रहेको धरमपानीको खाली जग्गामा स्थानीयस्तरमा उत्पादित वस्तुको विक्री कक्ष राख्ने बताए । बजारीकरणमा ध्यान दिनुका




साथै बजारमा आफ्नै बिक्रीकक्ष राख्नुपर्ने सुझाए । रैथाने बालीलाई प्रवर्द्धन गर्दै अहिले विद्यालयमा दिवाखाजाको रुपमा प्रयोग गरिएको बताउँदै पालिका क्षेत्रमा छिट्टै नै चिसोजन्य पदार्थको विक्री वितरणमा रोक्नुका साथै दुध र दुधजन्य पदार्थ, मोहीको प्रयोग गर्ने नीति नियम बनाउने बताए ।

साधारणसभामा संस्थाका अध्यक्ष दाहालले संस्थागत प्रतिवेदन प्रस्तुत गरेका थिए । सहकारीले १० करोड ८९ लाख ८४ हजार २८० रुपैयाँको कारोबार गरेको छ । आर्थिक वर्ष २०७९/८० मा संस्थाले १० करोड ८८ लाख ४४७ रुपैयाँको दुध बिक्री गरेको छ भने किसानसँग १० करोड २५ लाख १६ हजार ७९९ रुपैयाँको दुध खरिद गरिएको संस्थाका व्यवस्थापक शशि लम्सालले बताईन् । संस्थाको १७ लाख ४० हजार शेयरपुजीं र हेको छ ।

साधारण सभामा गाउँपालिकाका पूर्वअध्यक्ष विदुर हुमागाई, राष्ट्रिय सहकारी महासंघका पूर्वसञ्चालक बद्रीप्रसाद लम्साल, जिल्ला दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष हरिप्रसाद कंडेल, व्यवस्थापक कुमारमणि दाहाल, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजेन्द्र कार्की, श्रमीक सानाकिसान कृषि सहकारी संस्थाका अध्यक्ष निर्मला लम्साललगायतले आफ्नो भनाई र खेका थिए । सहकारी संस्थाले दुध, घ्यु, दही, पनिर, नौनी लगायत परिकार उत्पादन गरी बिक्री गर्दै आएको छ ।

# अपाङ्गता भएका व्यक्तिको अधिकारबारे अभिमुखीकरण

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ अपाङ्गता भएका व्यक्तिको अधिकारबारे शुक्रबार बागमती प्रदेशको राजधानी हेटौंडामा अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको छ ।

३२ औं अन्तर्राष्ट्रिय दिवसको अवसरमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धि र दिगो विकासका लक्ष्यको अन्तरसम्बन्ध विषयक अभिमुखीकरण कार्यक्रमको आयोजना गरिएको हो । कार्यक्रम बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय हेटौंडाको आयोजना तथा राष्ट्रिय अपाङ्ग महासंघ नेपाल बागमती प्रदेशको समन्वयमा भएको हो । दिगो विकास लक्ष्य प्राप्तिको प्रतिवद्धता: अपाङ्गता भएका व्यक्तिको अपनत्व र नेतृत्वसहितको ऐक्यवद्धता भन्ने उद्देश्यले आयोजना गरिएको कार्यक्रमको अपाङ्ग सरोकार मकवानपुरका अध्यक्ष गणेशचन्द्र दवाडीले सहजीकरण गरेका थिए ।



सामाजिक विकास मन्त्रालय बागमती प्रदेशका निमित्त सचिव गोपालप्रसाद कँडेलले मन्त्रालयले गरेका काम र आगामी नीति, कार्यक्रम तथा योजनाबारे जानकारी दिएका थिए । उनले प्रदेशमा अपाङ्गता भएका बालबालिकाको संख्या बढी रहेको बताउँदै तीमध्ये विद्यालयमा अध्ययन गर्नेको संख्या कम रहेको उल्लेख गरे । मन्त्रालयले अपाङ्गता भएका व्यक्तिको हकअधिकारबारे नीति तथा कार्यक्रम कार्यान्वयनमा केही त्रुटी रहेको उनको उनको भनाई छ । यस्तै, राष्ट्रिय अपाङ्ग महासंघ बागमती प्रदेश अध्यक्ष अस्विन लम्सालले दिवसको अवसरमा साताव्यापी कार्यक्रम अन्तर्गत ५ औं दिन अभिमुखीकरण कार्यक्रम आयोजना गरिएको जानकारी गराए ।

यसैगरी, हेटौंडा उपमहानगरपालिका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक महाशाखाकी मन्दिरा सापकोटाले स्थानीय तहले १० प्रतिशत बजेट छुट्याएको जानकारी दिइन् । स्थानीय तह भएपछि धेरै र थोरै रुपमा सम्पूर्ण पालिकाले आफ्नो आर्थिक श्रोतको क्षमताअनुसार बजेट छुट्याइएको उनको भनाई छ ।

# ललितपुरबाट हेटौंडाका तीन युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ हेटौंडाका तीनजना र रौतहटका एकजना युवकलाई मोटरसाइकल चोरी गरेको आरोपमा प्रहरीले ललितपुरबाट पक्राउ गरेको छ ।

प्रहरीले ललितपुरका विभिन्न स्थानबाट गत बुधाबर राति ४ थान मोटरसाइकल चोरी भएको घटनामा संलग्न रहेको आरोपमा उनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१३ घर भई काठमाडौं बौद्ध बस्ने बिजय श्रेष्ठ, हेटौंडा-८ बस्ने अमित लामा, हेटौंडा-७ घर भई ललितपुर लुभु बस्ने पासाङ लामा र रौतहटको चन्द्रनिगाहपुर नगरपालिका-२ घर भई ललितपुर महानगरपालिका-९, बालकुमारी खरिबोट बस्ने पञ्चलाल ब्लोनलाई पक्राउ गरेको हो ।

प्रहरीका अनुसार, चोरीको अनुसन्धान गर्ने क्रममा मंसिर १३ गते राति ललितपुर महानगरपालिका-१५ खुमलटार हाईटस्थित गल्लीभित्र बा.प्र.०२-०३७ प ०८६२ नम्बरको मोटरसाइकल लुकाई राखेको अवस्थामा फेला पारी उनीहरुलाई पक्राउ गरिएको हो । थप सोधपुछको क्रममा उनीहरुको मिलेमतोमा बा.प्र.०२-०३७ प ०८६२, बा.प्र.०३१ प ५८१४, बा.प्र.०२-०४५ प ९५९२ र बा.८२ प ७१२४ नम्बरको मोटरसाइकल ललितपुर विभिन्न स्थानबाट चोरी भएको खुल्न आएको हो ।

ललितपुर महानगरपालिका-२३ गैरीगाउँ टोलस्थित खाली स्थानमा लुकाई राखेको अवस्थामा फेला पारी ४ वटै मोटर साइकल प्रहरीले बरामद गरेको छ । उनीहरुको साथबाट मोटर साइकलको लक तोड्ने मास्टर चाबी, चाबीबिना डाईरेक्ट स्टार्ट गर्ने तारसहितको प्लक र साबुत चाबी १ थान, भाँचिएको चाबी १ थान र हेल्मेट १ थान पनि बरामद गरिएको छ । उनीहरुउपर ललितपुर जिल्ला अदालतबाट चोरी सम्बन्धी कसुरमा म्याद थप अनुमति लिएर आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# बागमतीमा एक हजार २ सय ३५ कर्मचारी दरबन्दी रिक्त

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ बागमती प्रदेश सरकार मातहतका विभिन्न निकायका एक हजार २३५ वटा दरबन्दी रिक्त अवस्थामा छन् । प्रदेश सरकार मातहत रहेका १२ वटा मन्त्रालय, संवैधानिक आयोग तथा बोर्ड र कार्यालयमा सचिव, अधिकृत तथा सहायकस्तरका गरी कुल ४ हजार २६५ दरबन्दी रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालयका सचिव निश्चलराज पाण्डेले बताए ।

प्रदेश सरकार स्थापनाका बखत कायम भएका ७ मन्त्रालय र सो मातहतका निकाय तथा कार्यालयका लागि ३ हजार ७६३ दरबन्दी स्वीकृत भएको थियो । प्रदेश सरकारले पछि केही संरचना थप गरेको उनको भनाइ छ । थपिएका संरचनाहरुमा ५०२ वटा दरबन्दी कायम हुँदा प्रदेश सरकारले प्राप्त गरेको ३ हजार ७६३ दरबन्दी संख्या बढेर ४ हजार २६५ कायम भएको उनले बताए ।




प्रदेश सरकार मातहत रहेका कार्यालय र मन्त्रालयहरुमा अझै पनि कर्मचारी अभाव हुँदा २०० जना कर्मचारी संघीय सरकारले काजमा खटाएको पाण्डेले बताए । उनका अनुसार प्रदेश सरकारले पदपूर्ति गरेसँगै ती कर्मचारी पुन: संघीय सरकार मातहतका कार्यालयमा फिर्ता जानेछन् ।

प्रदेश सरकार गठन हुँदाका बखत पनि संघीय सरकारबाट दरबन्दी अनुसार कर्मचारी प्राप्त हुन नसकेकाले सुरुवाती चरणमा काम गर्न केही समस्या देखिएको उनले बताए ।

अझै पनि प्रदेश सरकार मातहत रहेका दरबन्दीहरु पूर्ण हुन नसकेको र अस्थायी रुपमा दरबन्दी कायम गरी प्रदेश सरकारले काम गरिरहेको उनको भनाइ छ । हाल बागमती प्रदेशमा संघीय सरकारबाट काजमा आएका, कर्मचारी समायोजन र प्रदेश लोकसेवा आयोगबाट नियुक्त भएका गरी ३ हजार ३० जना कार्यरत छन् ।

# कामको ज्याला नपाउँदा मजदुर मर्कामा

बझाङ, १५ मंसिर/ 'घरमा छोराछोरीले दसैंका बेला मासु खाने आशा गरेका थिए । यो वर्ष मासु खुवाउन सकिएन ।' गत वडा दसैंको नवमी दिन बिहान खप्तडछान्ना गाउँपालिका-७ गोर खालीका फिट्टु खड्काले फोनमा सुनाएका थिए । उनको घरमा गत वर्षयता मासुले प्रवेश नपाएको रहेछ ।

'छोराछोरीलाई विद्यालयबाट काम गरेको पैसा आउँछ । यो वर्ष त दुई किलो नै खसीको मासु ल्याउँछु भनेको थिएँ । अष्टमी दिउँसोसम्म हजार रूपैयाँ भए पनि दिनुस् भनेर बिलौना गर्दासमेत अध्यक्षले पैसा दिनुभएन । छोराछोरीलाई ठगेजस्तै भयो,' उनले भने ।

सबैको घरमा मासु पाक्ने भएपछि आफ्नो घरमासमेत पाक्ने आशमा हौसिएका छोरा-छोरीलाई सान्त्वना दिने वातावरण नै नभएको उनले सुनाए । फोनमा उनले रूँदै भनेका थिए, 'छोराछोरीलाई मासु खुवाउने वाचा गरेको विफल भएपछि एकान्तमा आधा घण्टासम्म रोएँ र रित्तै हात घर फर्किएँ ।'

चरम गरिबीको सामना गरिरहेको खड्का परिवारले ज्यालादारी कामबाट आएको रकमबाट खाद्य सामग्री किन्दै जीविकोपार्जन गर्दै आएको छ । यसपटक भने विद्यालयमा काम गरेको रकम नआउँदा चामल, पिठो गाउँलेसँगै माग्दै गुजारा गरिरहेको फिट्टुले बताए ।

नयाँ वर्षको सुरूआतमै फिट्टु खड्कासहितको टोलीले गोर खाली आधारभूत विद्यालयको खानेपानी धारा र प्याड व्यवस्थापन खाल्डो निर्माण गऱ्यो । दुई सातासम्म काम गरेर निर्माण सम्पन्न गरेपछि ज्याला पाउने आशामा रहेका उनीहरूले आठ महिना बित्दासमेत ज्याला पाएका छैनन् ।

गएको आर्थिक वर्षमा विद्यालयमा छुट्टाछुट्टै तीन वटा निर्माण योजना परेका थिए । सैसंस्थाले खाल्डो र धारा निर्माणका लागि बजेट दियो भने गाउँपालिकाले विद्यालयको गेटको लागि । काम गराउनका लागि तीन वटै योजनाको जिम्मेवारी विद्यालय व्यवस्थापन समिति अध्यक्ष अमर सिंहले लिएका थिए । उनले सबै योजनामा काम गर्ने मजदुरको उपस्थिति हाजिरी एउटैमा टिए । गेट बनाउँदा घाटा लागेको जनाउँदै खाल्डो र धारामा काम गरेका मजदुरकोसमेत भुक्तानी रोकिदिए ।

'गेट बनाउँदा घाटा भए पनि खाल्डो र धारा निर्माणको पैसा आइसकेको थियो । त्यो रकमसमेत रूँदा हाँस्दा पनि अध्यक्षले दिएका छैनन्', खड्का दुखेसो पोख्छन् ।

अध्यक्ष सिंह भने निर्माणको रकम सामग्री खरिदमै बराबर भएको हुँदा ज्याला दिन नसकेको बताए । 'काम धेरै गर्नुपर्ने तर रकम थोरै भएको हुँदा निर्माण सामग्री खरिदमै खर्च भएकाले ज्याला दिन नसकेको हो', उनले भने ।

अध्यक्ष सिंहका अनुसार सामग्री खरिदबाट बचेको रकम बाँड्न खोज्दा धेरै कम हुने भन्दै मजदुरले लिन नचाहेको उनी दाबी गर्छन् । 'यो बचेको रकम थोरै भए पनि बाँड्न खोजेको हुँ । त्यो पैसा मजदुरहरूले लिन चाहानुभएन । सबै पैसा दिनका लागि आफूसँग नभएको हुँदा ढिलाइ भएको हो ।'

मजदुरलाई ज्याला दिन अब पालिकाको हिउँदे अधिवेशनमा छुट्याउने भनेको र त्यसैबाट भुक्तानी गर्ने उनी बताउँछन् । 'पालिकाले कम बजेट दिएको हो, मैले आफ्नो घर बेचेर दिन सक्दैन । मजदुरलाई चित्त नबुझे आफ्नो तरिकाले अगाडि बढ्न भनेकै छु', अध्यक्ष सिंह भन्छन् ।

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत बालविकास आधारभूत विद्यालय पिठातोलामा दुई कोठे भवन पऱ्यो । भवन निर्माणको जिम्मेवारी व्यवस्थापन समितिका अध्यक्ष वसन्त आग्रीले लिए । निर्माणका लागि आएको २७ लाख रूपैयाँदेखि पाँच लाख रूपैयाँ विद्यालयमा राख्ने र २२ लाखमा भवन सम्पन्न गर्ने व्यवस्थापन समितिले निर्णय गऱ्यो । सोही निर्णयअनुसार भवन निर्माण भयो र रकम विद्यालयका नाममा भुक्तानी भयो । उक्त रकमबाट भवन बने पनि मजदुरले भने अहिलेसम्म ज्याला पाएका छैनन् ।

# आवधिक योजनाका लागि 'क्यूआर कोड'

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ आगामी पाँच वर्षका लागि आवधिक योजना बनाउँने क्रममा रहेको हेटौंडा उपमहानगरपालिकाले सुझाव संकलनका लागि क्यूआर कोड सार्वजनिक गरेको छ ।

नगरवासीसँग आवधिक योजनाका लागि सुझाव संकलन गर्ने उद्देश्यसहित क्यूआर कोड जारी गरिएको हेटौंडा उपमहानगरपालिका कार्यालयले जनाएको छ । नगर क्षेत्रका विकास योजनामा समावेस रहेका बिभिन्न १७ वटा क्षेत्रमा सुझाव संकलन गर्दै उपमहानगरले निर्माण गर्ने आवधिक योजनमामा नगरवासीको सहभागिताका लागि क्यूआर कोड मार्फत सुझाव संकलन गर्न खोजिएको कार्यालयले जनाएको छ ।

उपमहानगरले खानेपानी, सडक, ढललगायत पूर्वाधार विकास, लक्षितवर्गका कार्यक्रम (महिला, अपाङ्गता, दलित, जनजाति, ज्येष्ठ नागरिक, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, एकल महिला), कृषि तथा पशुविकास, शिक्षाविकास, जनस्वास्थ्य, फोहरमैला व्यवस्थापन सहितका क्षेत्रमा सुझाव लिन खोजेको हो ।

उपमहानगरले सार्वजनिक गरेको क्यूआर कोड स्क्यान गरी नगरको वृहत्तर विकासमा योगदान गर्दै योजना र कार्यक्रमहरु मार्फत् सुझाव दिन नगरवासीलाई आवह्वान गरेको छ । उपमहानगरले चालु आर्थिक बर्ष २०८०/८१ देखि २०८४/०८५ सम्म पाँच वर्षका लागि आवधिक योजना निर्माणको क्रममा रहेको छ ।

# उपमहानगले दियो अशक्तलाई सहायक सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ दैनिक जीवनयापनमा समस्या व्यहोर्दै आएका हेटौंडाका दुईजना शारीरिक अशक्तलाई सहायक सामग्री बितरण गरिएको छ ।

शुक्रबार उपमहानगरको वार्षिक स्वीकृत कार्यक्रमअनुसार हेटौंडा-१० र ११ का दुई अशक्तलाई नगरप्रमुख मीनाकुमारी लामा र उपप्रमुख राजेश बानियाँले सामग्री अभिभावकको जिम्मा लगाएका हुन् ।

हेटौंडा-१० का अर्विन्दसिंह पाखिन र ११ का कस्मिता पुरीलाई एक/एक वटा ह्विलचियर प्रदान गरेको महिला तथा बालिबालिका महाशाखाले जनाएको छ । उनीहरुलाई दिइएको सहायक सामग्री दुबै जनाका अभिभावकले लिएका थिए ।

घरमा हिड्डुलका लागि असहज भएको अवस्थामा उपमहानगरले दिएको सामग्रीले शारीरिक अशक्त रहेका दुबैको जीवनयापनमा सहज हुने अभिभावकहरुले बताएका छन् ।

हेटौंडा उपमहानगरले चालु आर्थिक वर्ष २०८०/८१ मा कृतिम खुट्टा १, ह्विल चियर ४, इलेक्ट्रिक ह्विल चियर २, पैताला र खुट्टा सीधा गर्ने 'एपिव' जुत्ता १ वटा हस्तातरण गरिसकेको छ ।

# थाहाको महांकाल विद्यालयलाई एउटै व्यक्तिको साढे २ लाख सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, १५ मंसिर/ मकवानपुर थाहा नगरपालिका-११ को महांकाल आधारभूत विद्यालयलाई साँढे २ लाख रुपैयाँ सहयोग जुटेको छ । महांकालदेवी मन्दिरको नामबाट स्थानीय युवा, अभिभावक तथा शिक्षाप्रेमी सुब्बा गोलेले विद्यालयलाई सहयोग गरेका हुन् ।

विद्यालयमा निजीस्रोतमा कार्यरत शिक्षकलाई तलब व्यवस्थापन गर्नका लागि उनले २ लाख सहयोग गरेको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष जीतबहादुर गोलले जानकारी दिए । साथै विद्यालयमा बालमैत्री धारा निर्माणका लागि पनि उनै सुब्बा गोलेले ५० हजार रुपैयाँ सहयोग गरेका छन् । आगामी दिनमा पनि यसैगरी विद्यालयलाई सहयोग प्राप्त हुने अपेक्षासहित सहयोगीहरुलाई विद्यालयका प्रधानाध्यापक सचिनकुमार बलले आभार प्रकट गर्दै धन्यवाद दिएका छन् ।

बाल कक्षादेखि कक्षा ८ सम्म अध्यापन हुने महांकालमा प्रावितहको दरबन्दी ४, निमावि सिकाइ अनुदानमा २ जना, बालविकास सहजकर्ता १ र कार्यालय सहयोगी १ जना मात्र रहेका छन् । विद्यालयको आवश्यकता अनुसार शिक्षक नहुँदा पठनपाठनमा समस्या भएको विद्यालयले जनाएको छ ।

विद्यालयमा २ जना निजीस्रोतका शिक्षक राखिएको छ । थाहा नगरपालिका शिक्षा शाखासँग पटकपटक थप दरबन्दी माग गर्दा पनि दरबन्दी मिलान गर्न नसक्दा थप शिक्षक पठाउन सकेको छैन ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना